

निशुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
eprateekdaily.com

PRATEEK DAILY

# प्रतीक

राष्ट्रिय 'क' वर्ग

दैनिक
eprateekdaily.com



बिरामीहरूको दैनिकीमा ध्यान दिऔं, उनीहरूसँग बोलेर, लेखेर वा हाउभाउको माध्यमबाट स्नेह गरौं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग



❖ वर्ष ३४ ❖ २०७८ जेठ ०९ गते आइतवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2021 May 23 Sunday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ४ ❖ अङ्क २६४


# पर्सा/बाराका पचासभन्दा बढी उद्योग बन्द

## उत्पादनसँगै पचास प्रतिशत मजदूर कटौती

राधेश्याम पटेल, परवानीपुर, ८ जेठ/

पर्सा र बारा अन्तर्गत पर्ने वीरगंज–पथलैया औद्योगिक कोरिडोरका करीब ५० भन्दा बढी उद्योग बन्द भएका छन्।



सुबोध गुप्ता




अनिल रूँगटा



सुरेश रूँगटा



मुर्ली जलान



माधव राजपाल

निरन्तर जारी निषेधाज्ञा र अक्सिजन अभावका कारण ५० भन्दा बढी फलामजन्य उद्योग बन्द भएका हुन्। वीरगंज उद्योग वाणिज्य सङ्घका अध्यक्ष सुबोधकुमार गुप्ताले वीरगंज–पथलैया औद्योगिक कोरिडोरमा रहेका जगदम्बा, हुलास, हामा स्टील, नारायणी स्ट्रिप्स, नारायणी रोलिङ मिल, हिमालय आयरनलगायत साना/ठूला गरी ५० भन्दा बढी फलामजन्य उद्योग बन्द अवस्थामा रहेको बताए।

उनले कोभिड महामारीको कारण पर्सा/बारा र देशभरि मृत्युदर बढ्दै गएकोले उद्योगमा आवश्यक अक्सिजनको आपूर्ति बन्द गरेर अस्पताल तथा आइसोलेशन सेन्टरमा आपूर्ति गर्दा अक्सिजन अभावमा उद्योगहरू बन्द भएको उनले बताए। उनले फलामजन्य उद्योगका साथै अन्य उद्योग पनि आंशिकरूपमा मात्र चलिरहेको बताए।



निषेधाज्ञामा बन्द रहेको उद्योग। तस्वीरः फाइल

अहिले पर्सा/बाराका घर–घरमा सङ्क्रमित छन्, कोरोनासँग मिल्दोजुल्दो रोगका लक्षणले ग्रसित छन्, मजदूरहरू पनि त्यही समुदायमा पर्ने र उनीहरू पनि रोगको शिकार भएकाले तथा निषेधाज्ञाले बजार बन्द भएको र माग ह्वात्त घटेकाले पनि उद्योगहरू घाटा बेहोरेर सञ्चालन गर्नुको साटो बन्द गरिएको प्रस्टचाए। उनले उद्योगको वर्तमान अवस्थालाई ध्यानमा राखेर उद्योग सञ्चालकहरूले बाध्यतावश उत्पादनमा कटौती गर्नुका साथै उद्योगहरू बन्द गर्नुपरेको बताए।

पर्सा, बारा र रौतहट जिल्ला मात्र नभएर देशका ७४ जिल्लाका बजारहरू निषेधाज्ञाको कारण प्रभावित हुन पुगेकाले बजारबाट सामानको माग नभएको र उद्योगले बिक्री बन्द भएको अवस्थामा उत्पादन गरेर सञ्चय पनि नगरेको उनले बताए।

सङ्घका उपाध्यक्ष माधव राजपालले निषेधाज्ञाको कारण बजारमा माग नरहेको र पहिलेको उधारो उठाउन पनि नसकेको कारण लगानी गरेर उद्योग चलाउने मनस्थितिमा उद्योगीहरू नरहेको बताए। उनले कोरोना सङ्क्रमण घट्दै जाँदा स्थानीय प्रशासनले निषेधाज्ञाको मोडालिटीमा परिवर्तन गर्दै जानुपर्ने सुझाव दिए।

वीरगंजका उद्योगी सुरेश रूँगटाले खाद्यान्न र औषधि उद्योग निर्बाधरूपमा सञ्चालनमा रहे तापनि अन्य उद्योग जस्तै कपडा उद्योग, धागो, फलाम र सिमेन्ट उद्योग बढी मात्रामा प्रभावित भएको बताए।

"औषधि चौबीसैं घण्टा तथा खाद्यान्नको लागि प्रशासनले दिनको ३ घण्टा बजार खोलिरहेको कारण केही मात्रामा भएपनि बिक्री वितरण भइरहेको उनले बताए। तर अन्य उद्योगको लागि बजार बन्द भएकोले उत्पादनको अर्थ नभएको बताए।

जगदम्बा इन्टरप्राइजेजका सञ्चालक अनिल रूँगटाले कोरोना महामारीको दोस्रो चरणमा प्रभावित हुने उद्योगका लागि नेपाल सरकारले आगामी वर्षको बजेटमा सुविधा प्रदान गर्नेगरी कार्यक्रम ल्याउनुपर्ने माग गरे। उनले अहिलेको समयमा फलाम, सिमेन्ट, पेन्ट उत्पादन गर्ने उद्योगहरू बढी मारमा परेको बताए।

वीरगंजका धागो व्यवसायी मुर्ली जलानले गत वर्षको लकडाउनले नेपाली धागो व्यवसायीलाई फाइदा भएपनि यसपालि कोरोना देशभरि फैलिएको र निषेधाज्ञाको वातावरण देशभरि रहेकोले आफूहरू पनि समस्यामा परेको बताए। उनले बजारमा उधारो उठाउने समस्याले उद्योगले सङ्घर्ष गरिरहेको बताए।

पर्सा/बारा क्षेत्रमा ७ सय ठूला र १५ सय साना गरी करीब २२ सय उद्योग रहेका छन्। जसमा खाद्यान्न, औषधि, डन्डी, पाइप, सिमेन्ट, कपडा, धागो, पेन्ट, केमिकल, मसला, गार्मेन्ट, बिस्कुट, चकलेट, मदिरा, चुरोट, जुसलगायत उत्पादन हुने गर्दछ।

व्यवसायीहरूले कच्चा पदार्थ आयात र बिजुली महसूलमा सरकारले तत्कालै नीति बनाएर सङ्कटकालमा चलिरहेको उद्योगलाई छुट दिनुपर्ने मागसमेत गरेका छन्।

# साहिब दरबारद्वारा आकस्मिक रक्तदान

## दुईजना महिलासहित १०१ जना सहभागी

प्रस, वीरगंज, ८ जेठ/

वीरगंजमा रगत अभाव भएपछि साहिब दरबार सेवा संस्थान वीरगंजले आकस्मिक रक्तदान गरेको छ।



रक्तसञ्चार केन्द्र वीरगंजमा आयोजित आकस्मिक रक्तदान कार्यक्रममा दुईजना महिलासहित १०१ जनाले रक्तदान गरेको रक्तसञ्चार केन्द्र वीरगंजका प्रमुख उदयराज शर्माले बताए।

रक्तदान कार्यक्रममा शर्मिला मण्डल, सङ्गीता दास, सुमित चौरसिया, राजु कलवार, अजय सोनार, उमेश गुप्ता, फिरोज देवान, अफरोज अन्सारी, सन्दीप कुमारलगायतले रक्तदान गरेको रक्तसञ्चार केन्द्र वीरगंजका प्राविधिक प्रमुख सौरभराज पाण्डेयले बताए।

रक्तदान कार्यक्रममा साहिब दरबार सेवा संस्थान पर्साका अध्यक्ष राजेशमान सिंहलाई नेपाल रेडक्रस सोसाइटी पर्साकी उपाध्यक्ष मधु राणाले प्रमाणपत्र दिंदै रगत अभावको बेला रक्तदान कार्यक्रम आयोजना गरी सेवाको काम गरेको भनेर प्रशंसा गरिन्।

# एनसेलद्वारा अक्सिजन कन्सेन्ट्रेटर्स सहयोग

प्रस, वीरगंज, ८ जेठ/

एनसेलले १५० थान अक्सिजन कन्सेन्ट्रेटर्स सरकारलाई सहयोग गरेको छ।



एनसेलका कार्यकारी अधिकृत एन्डी चोङले स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका प्रमुख विशेषज्ञ महेन्द्रप्रसाद श्रेष्ठलाई सो अक्सिजन कन्सेन्ट्रेटर्स हस्तान्तरण गरेका हुन्।

कोरोना सङ्क्रमितको उपचारमा अक्सिजन अभाव रहेका अस्पतालमा अक्सिजन कन्सेन्ट्रेटर्स पठाइने मन्त्रालयका प्रमुख विशेषज्ञ श्रेष्ठले बताए।

एनसेलले गत वर्ष कोभिड उपचार कोषमा दश करोड रुपैयाँ सहयोग गरेको थियो।

# सयजना सङ्क्रमित थपिए, तीनजनाको मृत्यु

प्रस, वीरगंज, ८ जेठ/

नारायणी अस्पताल वीरगंजले शुक्रवार राति सयजना सङ्क्रमित पुष्टि गरेको छ भने शनिवार साँझसम्म वीरगंजका अस्पतालमा तीनजना सङ्क्रमितको मृत्यु भएको छ।

नारायणी अस्पतालका कोभिड संयोजक डा सरोजरोशन दासले २८८ जनाको स्वाब परीक्षण गर्दा सयजना सङ्क्रमित पुष्टि भएको बताए। सङ्क्रमित पुष्टि हुनेमा पर्साका ७५ जना, बाराका १६ जना, रौतहटका पाँचजना, सर्लाहीका तीनजना र धनगढीका एकजना छन्। उनीहरूको उमेर ६ देखि ७८ वर्षसम्म रहेको र उनीहरूमा १४.५ देखि ३५.८ सम्म सिटी भ्याल्यू रहेको बताए।

यसैबीच, शनिवार साँझ ६ बजेसम्म वीरगंजका अस्पतालमा तीनजना सङ्क्रमितको मृत्यु भएको छ। नारायणी अस्पताल, वयोधा र स्पर्श स्पेशलियाटी अस्पताल गरी तीन स्थानमा तीनजना सङ्क्रमितको मृत्यु भएको हो।

नारायणी अस्पताल वीरगंजमा बारा जिल्ला महागढीमाई नगरपालिका–२ निवासी ५० वर्षीया महिलाको दिउँसो साढे दुई बजे मृत्यु भएको थियो। यसैगरी, नारायणी वयोधा अस्पतालमा वीरगंज–९ निवासी ६५ वर्षीय पुरुषको बिहान साढे ६ बजे र स्पर्श अस्पतालमा पर्सा जिल्ला पकाहामैनपुर गापा–४ निवासी ५३ वर्षीय पुरुषको बिहान दुई बजे मृत्यु भएको जिल्ला प्रशासन कार्यालय पर्साका सूचना अधिकारी विनयकुमार श्रीवास्तवले बताए।





## हार्दिक श्रद्धाञ्जलि



जन्म : सन् ४ अगस्त १९५०
मृत्यु : सन् २० मई २०२१

स्व. राजकुमार पटवारी

हाम्रा डाइरेक्टर विशाल पटवारीज्यूका पूजनीय पिताजी **राजकुमार पटवारी**को ७१ वर्षको उमेरमा असामयिक निधन भएकोमा दिवङ्गत आत्माको चिरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जलि अर्पण गर्दछौं। साथै शोकसन्तप्त परिवारजनमा ईश्वरले धैर्यधारण गर्ने शक्ति प्रदान गरून् भनी हार्दिक समवेदना व्यक्त गर्दछौं।

**माँ दुर्गा फूड्स प्रा. लि. परिवार**
चोर्नी, वीरगंज–३२, पर्सा

## विचारसार र सूक्तिहरू

**जुन ऋषिहरूको व्यक्तित्व हाम्रो समझभन्दा टाढा हुन पुग्छ, हामी तिनलाई सिद्ध वा दिन्यात्मा भन्न थाल्छौं ।**

**–कन्फ्युशियस**


प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आर. के. पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com


# स्वतर्फ जाने साधना नै जीवन-साधना हो

जीवन त्यो हो, जुन हामीलाई बाँच्नका लागि पाइएको छ; तर सही अर्थमा जीवन बाँच्नु आफैंमा एउटा खास इच्छापूर्तिका लागि सदा प्रयत्नशील रहन्छ। उसलाई आफूभित्रको स्व देखिनै छाड्छ र आफ्नो जीवनमा आफ्नो

**मानिसका लागि जति कर्तव्य आफ्नो परिवार, समाजप्रति छ, त्यति नै आफूप्रति पनि छ र यी सबैको समन्वय गरेर नै जीवनमा अघि बढ्नुपर्छ; तर आफ्नो स्वलाई बिर्सनुहुन्न, अपितु यसतर्फ लम्कनुपर्छ; किनकि स्वको प्राप्ति नै जीवन–साधना हो ।**

कुरा हो। जीवनमा सफल हुनु, आफ्नो जीवनलाई सार्थक बनाउनुले जीवनलाई विशेष अर्थ प्रदान गर्दछ। जीवन त सबै बाँच्दछन्, तर कसैको जीवन यति विशेष हुन्छ कि त्यो अरूका लागि प्रेरणाको सम्बन्धहरूको पोषणाका लागि अनेक गलत कर्म पनि गर्न पुग्दछ ।

जीवनमा जब उसको शुभ कर्मको शुभ फल प्राप्त हुन्छ, अर्थात् जब उसलाई जीवनमा ठूलो सफलता, धन लाभ, यश



स्रोत बन्न पुग्दछ ।

सबैसँग बाँच्नका लागि एउटै मात्र जीवन हुन्छ, तर सबैका लागि यो जीवनको अर्थ अलग–अलग हुन्छ । वास्तवमा जीवन अनेक चरित्रलाई एकैसाथ निर्वाह गर्नु हो । जीवनको सुरुआत कुनै परिवारमा मात्र हुन्छ र परिवारमा नाता–सम्बन्ध हुन्छ, जुन एकअर्कासँग जोडिएको हुन्छ । कुनै सम्बन्ध गहिरोगरी जोडिएको हुन्छ भने कुनैमा दूरी हुन्छ । सम्बन्धलाई बुझ्दै, यसको निर्वाह गर्दै, नयाँ सम्बन्धसँग जोडिएर नै व्यक्तिका पारिवारिक र सामाजिक क्षेत्रफल विकसित हुन्छ र यसका साथै उसको व्यक्तित्वले पनि नयाँ आयाम प्राप्त गर्छ ।

मानिस यदि घरमा पारिवारिक सम्बन्धसँग जोडिएको हुन्छ भने घरबाहिर उसका साथ सामाजिक सम्बन्ध उभिन आइपुगेका हुन्छन् । यी सम्बन्धहरूबीच जन्मेका उसका आकाङ्क्षाहरूले उसलाई दिनरात व्यस्त राख्दछ । मानिसको जीवनको एउटा ठूलो भाग उसका अपेक्षा र आकाङ्क्षाहरूको पूर्तिमा नै व्यय हुन्छ र उसलाई लाग्दछ, त्यही उसको जीवन हो ।

सम्बन्धहरूको मोहले उसलाई भ्रमको संसारमा लैजान्छ । ऊ अरूको आदि प्राप्त हुन्छ, त्यस बेला प्रायः सबै उसको सुखमा सामेल हुन्छन्, उसका साथ आनन्द मनाउँछन्; तर जब उसको अशुभ कर्मको फल उसका सामुन्ने हुन्छ, त्यसलाई भोग्नका लागि कोही उसको साथ उभिंदैन, उसले एक्लै भोग्नुपर्छ । यो अशुभ फल–गम्भीर बिमारी, गम्भीर आरोप, अपयश, अपमान आदि रूपमा हुन सक्दछ ।

मानव समाजमैं रहेर ब्रह्मचारी, गृहस्थ, वानप्रस्थी वा संन्यासीको जीवन जिउँछ । यस प्रकार मानव समाजमा रहेर जस्तोसुकै जीवन बाँचोस्, यदि उसले आफ्नो स्वतिर पाइला चाल्दछ भने मात्र उसको जीवन सार्थक हुन्छ ।

वास्तवमा जीवन जिउनु कठिन साधना हो । जीवनमा सम्बन्धप्रति संवेदनशील हुनु पनि आवश्यक छ र यसका साथै आत्मिक उन्नयनको पनि अपेक्षा राख्नुपर्दछ । मानिस जबसम्म आफ्नो आत्मतत्त्वसँग जोडिएको हुन्छ, तबसम्म मात्र जीवनका उपलब्धिहरू अर्जित गर्न योग्य हुन्छ। यदि ऊ आफ्नो अन्तर्मनप्रति निष्ठावान् रहन्छ भने उसका कर्म पनि श्रेष्ठ हुन्छन् र उसले आफ्नो परिवार र समाजलाई श्रेष्ठ फल दिन सक्छ ।

मानिसले आफ्नो जीवनयापनका लागि जति श्रम गर्दछ, त्यसभन्दा बढी यत्न उसले आफ्नो अन्तर्शुद्धिका लागि गर्नुपर्छ; किनकि यदि अन्तर निर्मल छ भने सबै मानवीय गुण त्यसमा प्रविष्ठ गर्न सक्छ, अन्यथा अन्तरको विकृतिहरूले उसको बाह्य जीवनलाई दूषित पारिदिन्छ, यसबाट उसको कर्म पनि अशुभ हुन्छ । जब मानिसमा संयम, सन्तोष, सहजता, दया, करुणा, प्रेमजस्ता गुणले ठाउँ बनाउन थाल्छन्, अनि काम, क्रोध, लोभ, मोह, अहङ्कारजस्ता अवगुण स्वयम् आफ्नो स्थान त्यागिदिन्छन् । त्यसैले हामीले सद्गुणलाई आत्मसात् गर्नुपर्छ र दुर्गुणहरूलाई त्याग्न तत्पर हुनुपर्छ ।

वास्तवमा अन्तर्शुद्धिका लागि गरिने सबै प्रयास साधना अन्तर्गत आउँछ। यो साधनाले नै मानिसलाई सिद्धितर्फ लैजान्छ अर्थात् उसको जीवनलाई परम सार्थक बनाउँछ। अन्तर्शुद्धिका लागि गरिने प्रयास र सङ्घर्षले उसको जीवनलाई एउटा नवीन अर्थ र सन्तोष प्रदान गर्दछ र अन्तर्शुद्धिको मार्गमा अगाडि बढ्ने दिशामा गरिने शुभ कर्मले नै विभिन्न विभूतिहरूले विभूषित गर्दछ।

यदि मानिस यी विभूतिहरूलाई नै आफ्नो लक्ष्य ठान्दछ भने ऊ त्यसमा अल्झेर बस्न पुग्छ, अघि बढ्न सक्दैन; तर यदि ऊ ती विभूतिहरूमा नअल्झेर अगाडि बढिरहन्छ भने आफ्नो ध्येय 'स्व'सम्म पुग्न सक्दछ ।

स्व अर्थात् स्वयम्। स्वबाट दूरीले नै हामीलाई दीन–दुर्बल बनाइदिन्छ, हाम्रो ओजस्विता–तेजस्विता खोसिलिन्छ। जति हामी स्वबाट टाढा हुन्छौं, त्यति नै असन्तुष्ट, बेचैन र दुःखी हुन्छौं र जति हामी स्वको नजीक रहन्छौं, त्यति नै परम सन्तुष्ट, आनन्दमय र निश्चिन्त हुन्छौं ।

स्वबाट दूरीले हामीमा अशुद्धि र भ्रम भरिदिन्छ र जीवनमा गरिएको अशुभ कर्मले हामीलाई स्वबाट टाढा पार्दै लग्छ र यसैले गर्दा हामी भ्रम र सांसारिक अल्झोमा फस्दै जान्छौं; जबकि स्वतर्फ पाइला चलाउँदै र अन्तर्शुद्धिको लागि प्रयासरत रहँदै गर्दा हाम्रा दुर्बलता, दुष्प्रवृत्ति र अशुद्धिहरू हामीबाट ठाढा हुँदै जान्छ ।

स्वतिर जाने साधना एक प्रकारले परमात्माको साधना हो, स्वतिर जाने साधना नै सही अर्थमा जीवन–साधना हो। हामी आफ्नो स्वबाट यति टाढा पुगिसकेका छौं कि हामीलाई यसको अनुभूति पनि हुँदैन, जबकि स्व हाम्रैभित्र विद्यमान छ, त्यसबाट हामी अभिन्नरूपले जोडिएका छौं, तर पनि हामी त्यससित परिचित छैनौं ।

यस प्रकार हेरौं भने जीवनमा हामीले जसलाई पाउनु छ, जसलाई खोज्नु छ, त्यो हामीभित्रै छ, तर पनि हामी त्यसको खोज संसारमा गरिहिंड्छौं, आफूबाहिर खोजिहिंड्छौं, भौंतारिइरहन्छौं र नपाएर दिक्दार हुन्छौं। जसले निकै धेरै सांसारिक उपलब्धि प्राप्त गऱ्यो, धेरै यश प्राप्त गऱ्यो, धेरै सफलता हासिल गऱ्यो, तर उसले स्व पाउन सकेन भने उसको जीवन सही अर्थमा सफल र सार्थक हुँदैन; तर जसले स्व प्राप्त गऱ्यो, उसले भलै सांसारिक उपलब्धिहरू वा बाह्य सफलता पाएन, ऊ आफ्नो जीवनबाट परम सन्तुष्ट र आनन्दित हुन्छ ।

मनुष्य जीवन अनमोल छ; किनकि यस जीवनमा कर्म गर्ने स्वतन्त्रता छ, यदि मानिसले कर्मको रहस्यलाई बुझेर त्यसलाई आफ्नो जीवनमा सार्थक पार्दछ भने यसैको सहायताले आफ्नो स्वसम्म पुग्न सक्दछ ।

मानिसका लागि जति कर्तव्य आफ्नो परिवार, समाजप्रति छ, त्यति नै आफूप्रति पनि छ र यी सबैको समन्वय गरेर नै जीवनमा अघि बढ्नुपर्छ; तर आफ्नो स्वलाई बिर्सनुहुन्न, अपितु यसतर्फ लम्कनुपर्छ; किनकि स्वको प्राप्ति नै जीवन–साधना हो ।

# ओली मनोविज्ञानको अ(वैधानिक) अवतरण

समयान्तर




ओमप्रकाश खनाल
omkhanal@gmail.com


**अहिले राष्ट्रपति साझा संस्था नभएर सत्ता सञ्चालकका वैयक्तिक महत्त्वाकाङ्क्षालाई वैधानिकताको चाँजोपाँचो मिलाउने अड्डाजस्तो भएको छ । राष्ट्रपतिका एकपछि अर्का विवादास्पद कदमहरू देश, जनता र संविधानको पक्षमा नभएर ओली सरकारको पक्षपोषकको रूपमा प्रकट भएका छन् ।**

जनता कोरोना भाइरसको त्रासबीच यो प्राणघातक महामारीबाट कसरी बच्ने भन्ने चिन्तामा छ। यति नै बेला मुलुकका राजनीतिक 'भाइरस'हरू प्रधानमन्त्रीको कुर्सी कसरी फुत्काउने र जोगाउने भन्ने दौडमा देखिए । यो दौडमा केपीशर्मा ओली यस्ता खेलाडीको रूपमा प्रकट भए, जो प्रधानमन्त्रीको कुर्सीमा आफूबाहेक अरूलाई उक्लिनै नदिने अर्जुनदृष्टिमा एकोहोरिए । जनता महामारीमा ज्यान गुमाइराखेको छ, सरकार जनताको लाश गन्दै सत्ताको आयु लम्ब्याउने ताकमा तल्लीन छ । राष्ट्रपतिबाट आगामी कात्तिक २६ र मङ्सिर ३ गतेका लागि भएको मध्यावधि चुनाव घोषणा प्रधानमन्त्रीको यही मनोविज्ञानको अवतरण हो ।

संवैधानिक व्यवस्था हेर्दा सरकारले यसमा विद्यमान छिद्रको दुरुपयोग गर्दै देशको राजनीतिलाई अहिलेको अवस्थामा ल्याइपुऱ्याएकोमा किन्तुपरन्तु आवश्यक छैन। संविधानमा हुँदै नभएको अधिकार प्रयोग गरेर गत पुस ५ गते प्रतिनिधिसभा भङ्ग गर्ने सिफारिश गरेका प्रधानमन्त्रीले यसपटक भने संवैधानिक प्रावधानको दुरुपयोग गरेर राजनीतिलाई पुनः ५ पुसकै अवस्थामा फर्काएका छन्। प्रतिनिधिसभा विघटनको पुस ५ गतेको कदमलाई सर्वोच्चले फागुन २३ मा उल्टयाइदिएको थियो । कानूनको अन्तिम व्याख्याता अदालत नै भएकाले सरकारको अहिलेको कदम न्यायालयमा पुगेको अवस्थामा कस्तो फैसला आउला, त्यो अहिले प्रतीक्षाको विषय बनेको छ ।

संविधानको धारा ७६ (३) को जगमा उभिएको ओली सरकारले विश्वासको मत नलिई उपधारा ५ अनुसारको सरकार गठनका लागि आह्वान हुनु र प्रधानमन्त्री पदमा दावेदारीको बखेडा झिकेर मुलुकलाई जसरी पुनः मध्यावधिकै मुखमा लैजाने काम भएको छ, यो अ(वैधानिक) प्रकरणले अब ओलीको जालझेलमा राष्ट्रपतिको मिलेमतोको पर्दाफास हुन पनि बाँकी छैन ।

घोषित मितिमा चुनाव होला/नहोला, मिति घोषणाले मुलकको राजनीति नयाँ मोडमा प्रवेश गरेको छ । ओली समकालीन राजनीतिमा कुटिल खेलाडी साबित भएका छन्, तर उनको यो चाल रचनात्मक नभएर केवल कुर्सी बचाउने उपायमा केन्द्रित हुँदा राजनीति लिकबाट बाहिरिएको छ । देश महामारीमा कराइराख्दा, जनता अक्सिजन, आइसियू र भेन्टिलेटरका लागि छट्पटाइराख्दा राजनीति भने सत्ताका निम्ति छट्पटिएको दृश्य हेर्न जनता अभिशप्त छ । ओली एकपछि अर्को झेली खेलेर विपक्षीलाई छिर्के हान्दै अगाडि बढेका छन् । विपक्षीहरू सकिनसकी लड्दैपड्दै ओलीको पछिपछि दौडिने प्रयत्न मात्र गरिराखेका छन्, निर्णायक कदम उठाउने समयमा भने चूक मात्रै गरेका छन्। यस अर्थमा प्रकारान्तरले यो अन्योल र अराजकतामा विपक्षी पनि मतियार ठहर्छन् ।

राष्ट्रपति र प्रधानमन्त्रीको कदमविरुद्ध आवश्यक रणनीति बनाउने विपक्षीले बताएका त छन्। तर विपक्षीका सम्भावित कदम, त्यसका परिणाम र उपलब्धिबारे अहिले अनुमान मात्र गर्न सकिन्छ । अदालतले गत ५ पुसमा सरकारले चालेको कदमलाई असंवैधानिक भनेपछि विपक्षीबाट जुन भूमिकाको अपेक्षा गरिएको थियो, उनीहरूको रवैया ओलीलाई नै शक्तिशाली बनाउनेतिर उन्मुख भएको परिदृश्यमा विपक्षीहरू अहिले मच्चिने र त्यसपछि थच्चिने मात्र हुन् कि भन्ने आशङ्का पनि सँगसँगै विस्तार भइराखेको छ ।

स्मरण हुन्छ, सर्वोच्च अदालतले पुस ५ गतेको कदम असंवैधानिक भनिदिंदा ओली यति कमजोर र निरीह किनारामा पुगिसकेका थिए कि विपक्षीले अविश्वासको प्रस्ताव ल्याएर तत्कालै पदबाट हटाउन सक्ने अवस्था थियो । मुखले प्रतिनिधिसभा विघटनको विरोध, भित्रभित्रै चुनावको मूडमा देखिएको प्रमुख विपक्षी नेपाली काङ्ग्रेस सर्वोच्चको निर्णययता आफैं भने अनिर्णयको बन्दी बन्यो । भन्दा जे भनिए पनि ओलीले देखाएको प्रधानमन्त्री पदको ललीपपले काङ्ग्रेस सभापति देउवालाई लोभ्याएको थियो । तत्कालीन नेकपाभित्र विद्रोह गरिराखेका प्रचण्ड र माधव–झलनाथहरूको पल्ला भारी हुने अवस्थाले देउवा अर्को दबाबमा थिए ।

सर्वोच्चले नेकपाको एकता नै अवैधानिक भनिदिएपछि बलियो देखिएका ओलीले अहिले सबैलाई ताहुरमाहुर पारिराखेका छन्। ओलीको झेली खेलमा लड्दै, उभिंदै, फेरि बजारिनेबाहेक अन्य रचनात्मक दिनचर्या विपक्षीको छैन । ओलीको कदमलाई प्रतिगमनको उपमा दिएर सङ्घर्षमा उत्रिएकाहरूले समयमैं ओलीलाई बहिर्गमनको बाटो नदेखाएर अर्को प्रतिगमनको बाटो बनाइदिए । ओलीलाई चलखेलको मौका दिइरहे । जसको मूल्य यो महामारीमा जनताले ज्यान दिएर चुकाइराखेको छ। कोरोना सङ्कटको तत्कालीन र दीर्घकालीन समाधानमा लाग्नुपर्ने राजनीतिक सत्ताको विघटन र सङ्गठनमा एकोहोरिंदा जनताको जीवनरक्षाको दायित्व टाढिएको छ ।

विरोधीहरूलाई रिङाउन र घुमाइफिराइ सत्ता आफ्नै पकडमा राख्न ओली खप्पिस देखिए । ओलीले अविश्वासको प्रस्ताव ल्याएर हटाउन चुनौती मात्र दिएनन्, विरोधी कित्ताले अविश्वास प्रस्ताव दर्ता नगरेपछि आफैं विश्वासको मत लिन अघि सरे। संसद्को विश्वास पाउँदिनँ भन्ने जान्दाजान्दै किन आत्मघाती कदम चाले भन्ने धेरैलाई लागेको थियो, प्रधानमन्त्रीमा पुनर्नियुक्तिले ओलीले आत्मघात होइन, बाजी मारेको प्रमाणित भयो । एक महीनाभित्र विश्वासको मत लिने सुविधा हुँदाहुँदै पुनः धारा ७६ (५) को सरकारका लागि आह्वान भयो। त्यसलाई पनि असफल बनाएर कामचलाउ भएपनि पदमा आफूलाई स्थापित गरिरहे । सत्ता राजनीतिमा अहिलेको दृश्यावली सतहीरूपमा विधिसम्मत देखिए पनि अन्तर्यमा संवैधानिक मर्मको हुर्मत लिइएको छ ।

संविधानको धारा ७६ (३) अनुसार प्रधानमन्त्री बनेका ओलीले एक महीनाभित्र विश्वासको मत लिनुपर्ने हो। माधव समूहसँग सकारात्मक वार्ता भइराखेकाले ओलीले बहुमत पाउने सम्भावना पनि टरेको थिएन । बजेट अधिवेशन अनिवार्य भएकोले त्यसै बेला विश्वासको मत लिन सकिन्थ्यो । तर ओलीलाई पार्टी र सत्तामा एकछत्र मनोमानी चलाउनुपर्ने थियो । ओलीले 'विश्वासको मत प्राप्त हुने आधार नदेखिएकाले मार्ग प्रशस्तका लागि' उपधारा ५ अनुसार सरकार गठनका लागि सिफारिश गरे । ओलीकै दलका २६ सांसदसहित काङ्ग्रेसका ६१, माओवादी केन्द्रका ४८, जनता समाजवादी पार्टीका १२, नेकपा र राष्ट्रिय जनमोर्चाका एक/एक सांसदको हस्ताक्षरसहित काङ्ग्रेसका सभापति शेरबहादुर देउवा प्रधानमन्त्री बन्न शीतल निवास नपुग्दै ओली एमालेका १२१ र जसपाका ३२ सांसदको समर्थन रहेको दाबी गर्दै प्रधानमन्त्री बन्न पुगिसकेका थिए। राष्ट्रपतिले ओलीले माधव नेपाल समूहका २६ सांसद र जसपाका ठाकुर–महतोले उपेन्द्र यादव समूहका १२ सांसदलाई निष्कासन गर्ने जानकारी गराएको उल्लेख गर्दै ओली र देउवा कसैलाई प्रधानमन्त्री नियुक्त गर्न नसकिने भन्दै अस्वीकार गऱ्यो । उपधारा ५ अनुसार सरकार बन्न नसक्ने अवस्था सृजना गरियो । मध्यरातमा ओलीले संसद् विघटन र चुनाव घोषणाको सिफारिश गरे । राष्ट्रपतिले त्यसलाई अनुमोदन गरिन् । ओलीले चाहेकै यही थियो ।

सरकारको अहिलेको कदमले एक तीरबाट दुई निशाना लगाएको छ । पहिलो, यो जालझेलपूर्ण कदमले जुनसुकै शर्तमा भएपनि विपक्षीलाई सत्तामा आउन नदिने र प्रतिनिधिसभा विघटन गरेर आफ्नै नेतृत्वमा चुनाव गराउने प्रधानमन्त्रीको चाहनालाई उकेरा लगाएको छ । कोरोना महामारीको अहिलेको अवस्था हेर्दा आउँदो कात्तिक/मङ्सिरमा चुनाव हुने सम्भावना देखिंदैन । जसरी पनि चुनाव गराउने सत्तापक्षको हठको परिणाम अहिले छिमेकी देश भारतले भोगिराखेको छ। भारतमा फैलिएको महामारीको बाछिटाबाट हाम्रो जनजीवन जीवन–मरणको सङ्घर्षबाट गुज्रिइराखेको छ। यही अवस्था रह्यो र चुनाव गरियो भने महामारीलाई अझ भयावह बनाएर जनताको ज्यान लिने उपक्रम हुनेछ । कोरोना महामारीलाई नै कारण देखाएर चुनावको मिति सार्ने र कामचलाउ प्रधानमन्त्रीको रूपमा आफ्नो सत्ताको आयु तन्काउने भित्री उद्देश्यमा पनि प्रधानमन्त्रीलाई यो कदमले बल पुऱ्याएको छ।

अर्को, प्रधानमन्त्रीका प्रत्येक जालसाजीपूर्ण कदमलाई अक्षरशः साथ दिएको आरोपमा राष्ट्रपतिलाई महाअभियोग लगाउनुपर्ने माग मुखरित भइराख्दा प्रतिनिधिसभा विघटनले त्यो सम्भावनालाई पनि टारिदिएको छ । नेपालको संविधानले राष्ट्रपतिलाई संविधानको संरक्षक र सबै नेपालीको साझा संस्थाको रूपमा स्वीकार गरेको छ । संवैधानिक राष्ट्रपति भनेको सरकारको रबर स्टाम्प होइन, यो संस्था त संविधानको संरक्षक हो । अहिले राष्ट्रपति साझा संस्था नभएर सत्ता सञ्चालकका वैयक्तिक महत्त्वाकाङ्क्षालाई वैधानिकताको चाँजोपाँचो मिलाउने अड्डाजस्तो भएको छ । राष्ट्रपतिका एकपछि अर्का विवादास्पद कदमहरू देश, जनता र संविधानको पक्षमा नभएर ओली सरकारको पक्षपोषकको रूपमा प्रकट भएका छन्। यसले राष्ट्रपतिको गरिमा र सम्मानलाई पुड्को मात्र तुल्याएको छैन, सरकारको कठपुतली प्रतीत भएको छ । यस्तो अवस्थामा महाअभियोगको माग स्वाभाविक हो । तर विकसित राजनीतिक घटनाक्रमले राष्ट्रपतिविरुद्धको यो असन्तोषलाई अस्वाभाविक तरीकाले ओझेलतिर धकेल्न पनि सघाएको छ ।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

# अन्तर्राष्ट्रिय समाचार

## चीनले बङ्गलादेशलाई सहयोग गर्ने

बेइजिङ, ८ जेठ/सिन्ह्वा


चीनले कोभिड–१९ का विरुद्धमा लड्नका लागि दक्षिण एशियाली छिमेकी राष्ट्र बङ्गलादेशलाई सहयोग गर्ने जनाएको छ। चिनियाँ विदेशमन्त्री वाङ यीले कोभिडका विरुद्ध लड्नका लागि चीन बङ्गलादेशलाई सहगोग गर्न तयार छ र आगामी दिनमा यस महामारीका विरुद्धमा लड्नका लागि आवश्यक सहयोग गर्नेछ भनेका छन्।

चिनियाँ विदेशमन्त्री वाङ यीले शनिवार बङ्गलादेशका विदेशमन्त्रीसँगको फोनवार्ताका क्रममा सो प्रतिबद्धता व्यक्त गरेको बताइएको छ।

शनिवार बिहान चिनियाँ विदेशमन्त्री वाङ यीले बङ्गलादेशका विदेशमन्त्री एके अब्दुल मोमिनबीच फोनवार्ता गरेका थिए।

त्यस वार्ताका क्रममा चिनियाँ विदेशमन्त्री यीले चीन र बङ्गलादेश दुई असल मित्र राष्ट्र भएकाले विगत लामो समयदेखि नै एकअर्काको सहयोगमा निरन्तरता दिइआएको पनि बताए।

उनले चीन बङ्गलादेशको स्वतन्त्रता, राष्ट्रियता, क्षेत्रीय अखण्डताका पक्षमा रहेको र आगामी दिनमा पनि रहने सो फोनवार्ताका क्रममा दोहो¥याएको समाचारमा जनाइएको छ।


चिनियाँ विदेशमन्त्री वाङ यी। तस्वीरः सिन्ह्वा

विदेशमन्त्री यीले हाल विश्वमा पैÇलिएको कोरोना भाइरस मानवीयताविरुद्धको शत्रु नै रहेकोले विश्वका कतिपय देशलाई यस भाइरसका विरुद्धमा लड्नका लागि चीनले सहयोग गरिरहेको र बङ्गलादेशलाई पनि आगामी दिनमा कोभिडका विरुद्धमा लड्न सहयोग गर्ने बताएका थिए। रासस

## सुकीको पार्टी खारेज गर्ने तयारी

नेपिडो, ८ जेठ/एएनआई

म्यानमाकी प्रजातन्त्रवादी नेत्री आङ साङ सुकीको पार्टी खारेज हुने सम्भावना देखिएको छ।


म्यान्माकी प्रजातन्त्रवादी नेत्री आङ साङ सुकी। तस्वीरः एएनआई

सुकीको पार्टी नेशनल लिग फर डेमोक्रेसी (एनएलडी)लाई देशको निर्वाचन आयोगले खारेज गरिदिने तयारी गरेको हो।

गत वर्ष भएको निर्वाचनमा जालसाझी गरेको आरोप लगाउँदै सो पार्टी खारेज गर्नेबारेमा विचार गरिरहेको आयोगले स्पष्ट पारेको छ।

सेनाद्वारा नियुक्त गरिएका आयोगका अध्यक्ष थेइन सोएले राजनीतिक दलहरूसँग राजधानीमा शुक्रवार भएको छलफलमा सुकीको पार्टी खारेज गर्नेबारेमा आफूहरूले विचार गरिरहेको जानकारी दिएका थिए।

"सो पार्टीले अरू पनि अवैधानिक कामहरू गरिरहेकाले त्यो पार्टी विघटन हुन सक्छ," उनले भने।

गत वर्षको नोभेम्बरमा भएको निर्वाचनमा एनएलडीले ८३ सिटमा जीत हासिल गरेको थियो। त्यस निर्वाचनलाई सेनाले धाँधलीपूर्ण भएको भन्दै असन्तुष्टि जनाउँदै आएको थियो।

त्यति बेलाको निर्वाचन धाँधलीपूर्ण भएकाले फेरि अर्को निर्वाचन गर्नुपर्ने भन्दै म्यान्मामा सेनाले सत्ता नियन्त्रणमा लिएको छ। रासस

## भारतमा साढे दुई लाख मानिस सङ्क्रमित

नयाँ दिल्ली, ८ जेठ/एएनआई

भारतमा पछिल्लो २४ घण्टामा थप साढे दुई लाखभन्दा बढी सङ्क्रमित भएका छन्।

सरकारी अधिकारीहरूले शनिवार दिएको जानकारी अनुसार दुई लाख ५७ हजार २९९ जना सङ्क्रमित भएका हुन्।

भारतमा सोही अवधिमा थप चार हजार १९४ जनाको कोरोना भाइरसका कारण मृत्यु भएको पनि स्वास्थ्य मन्त्रालयले जनाएको छ।

पछिल्लो एक दिनमा भारतमा तीन लाख ५७ हजार ६३० जना कोरोना भाइरसको सङ्क्रमणबाट मुक्त भएका छन्।

भारतमा अहिलेसम्म कुल दुई करोड ६२ लाख ८९ हजार २९० जना कोरोना भाइरसबाट सङ्क्रमित भएको तथ्याङ्क छ।

तीमध्ये २९ लाख २३ हजार ४०० जना अझै पनि सङ्क्रमित अवस्थामैं रहेको केन्द्रीय स्वास्थ्य मन्त्रालयले जनाएको छ।

त्यसैगरी, भारतमा कोरोना भाइरसका कारण अहिलेसम्म दुई लाख ९५ हजार ५२५ जनाको मृत्यु भएको छ। तर सङ्क्रमणमुक्त भएकाहरूको कुल सङ्ख्या भने दुई करोड ३० लाख ७० हजार ३६५ पुगेको छ। रासस

### आजको राशिफल

| | |
|---|---|
| मेष — कडापरिश्रम | वृष — ज्ञानोदय |
| मिथुन — उदरपीडा | कर्कट — विजय |
| सिंह — धनलाभ | कन्या — सुयश |
| तुला — बेचैनी | वृश्चिक — धनलाभ |
| धनु — सफलता | मकर — प्रगति |
| कुम्भ — रोगभय | मीन — व्यापारवृद्धि |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

## माल्दीभ्समा कार्यालय बन्दको अवधि थप

माले, ८ जेठ/एएनआई

माल्दीभ्समा सरकारी कार्यालयहरू बन्द गर्ने समयावधि थप गरिएको छ। राष्ट्रपति इब्राहिम मोहम्मद सोलिहले कोरोना भाइरस महामारीका कारण कार्यालय बन्द गर्ने अवधि थप गरिएको जानकारी दिए।

यसअघि जारी गरिएको कार्यालय बन्द गर्ने आदेश आगामी मे २५ तारिखसम्म लागू हुने उनले उल्लेख गरेका छन्।

काम गर्नु नै पर्नेहरूले घरबाट नै गर्न पनि निर्देशन दिइएको राष्ट्रपति कार्यालयका उच्च अधिकारीहरूले जानकारी दिएका छन्।

त्यसैगरी, अन्य अत्यावश्यक सेवालाई पनि निश्चित मापदण्ड पूरा गरेर मात्रै सञ्चालन गर्न पाइने व्यवस्था गरिएको छ।


राष्ट्रपति इब्राहिम मोहम्मद सोलिह

कतिपय कामहरू अनलाइनको माध्यमबाट गर्न सकिने अधिकारीहरूले जनाएका छन्। रासस

# अवसरवादीहरूलाई गिद्धसँग तुलना गरिंदैछ

बुहारीः काकीजी, पैंचा दु डिबा चाउर दिं ना, घर में चाउरे नैखे, लइकासन खाएला रोवता (काकी हजुर दुई डिब्बा चामल सापटी दिनुस् न, घरमा चामल छैन, बच्चाहरू खानको लागि रोइरहेका छन्।)

छिमेकीः ए पतोह, चाउर त हइले नैखे हो, रल जवन चाट पोंछ के एहबेरा ओरा गइल (ए बुहारी, चामल त छँदै छैन, जति थियो अहिले खाना पकाउँदा सकियो।)

### सरोकार


राजेश मिश्र

**...केही मानिस यस्ता छन्, जो यो आपदालाई अवसरको रूपमा हेरिरहेका छन्। आज मुनाफाखोर र अवसरवादीहरूलाई गिद्धसँग तुलना गरिंदैछ। यदि रामायणको जटायु जस्तै आजको गिद्ध बोल्न सक्ने भए उनीहरूले भन्थे, "हे मनुष्य ! तिमीहरूले गर्ने कालोधन्धामा हाम्रो नाम बदनाम गर्न छोडिदेऊ।"**

बुहारीः खुदीओ नइखे काकीजी ? अगर उहो नइखे त दु गिलास माडे दे दीं (के खुदी पनि छैन काकी हजुर ? यदि त्यो पनि छैन भने दुई गिलास माड दिनुहोस्।)

देहातको उपरोक्त संवादमा एक महिलाले सासू पर्ने आफ्नी छिमेकी महिलासँग अन्न मागिरहेकी छन्। उनको घरमा खाद्यान्न थिएन। बिहानको एघार बजेसम्म चुलो बलेको थिएन। बच्चाहरूलाई भोक लागेको थियो। उनीहरूलाई खाना चाहिएको थियो। खानाको लागि क्रन्दन गरिरहेका बच्चाहरूको भोक मेटाउन आमालाई चिन्ता हुनु स्वाभाविक थियो। छिमेकीसँग सहयोग माग्नुको विकल्प थिएन। चामल वा खुदी वा माड जे भएपनि छिमेकीसँग उनी पैंचो मागिरहेकी थिइन्। छिमेकी परिवारको हालत पनि उनीभन्दा राम्रो थिएन। यद्यपि आफ्नो छाकबाट भात र तरकारीका साथै खुदी र माड दिएर छिमेकी महिलाले आफ्नी छिमेकी बुहारीलाई यथाशक्य सहयोग गरिन्।

कोरोना महामारीको पहिलो लहर अर्थात् गत वर्षको आर्थिक र मानसिक पीडा कम नहुँदै यो दोस्रो लहरले पीडा थप गरिदिएको छ। कोरोना महामारीमा कम वा धेरै हरेक क्षेत्र प्रभावित छ। यद्यपि दैनिक ज्यालामा निर्भर वर्ग र साना व्यवसायीलगायत मध्यम श्रेणीका नागरिकमा खाना, उपचार र ऋण आदिको चिन्ताले मानसिक तनाव बढ्दो छ। स्थानीय तहले चाहेमा यस्तो बेला आमजनलाई भरोसापूर्ण आश्वस्त गर्न सक्छ।

पर्साको वीरगंजदेखि झन्डै पच्चीस किलोमिटर पश्चिमतर्फ अवस्थित जगरनाथपुर गाउँपालिकाको वडा नं ५ चिलझप्टीको प्रसङ्ग गत साता चर्चामा रह्यो। सङ्क्रमितहरूको मृत्यु, सुनसान गाउँ तथा चिकित्सकको टोली पुग्दा मानिसहरू सरेहतर्फ भागेका विषयहरू सञ्चारमामध्यमहरूको केन्द्रबिन्दुमा रह्यो।

स्थानीय सर्वसाधारण (राजनीतिक दलबाहेक) मानिसहरूसँग ग्रामीण मनोविज्ञान बुझ्ने प्रयास मैले पनि गरें। सङ्क्रमित भएकाहरू प्रायः अतिनिम्न र मध्यमवर्गीय परिवारका छन्। उनीहरूको मनमा बसेको मनोविज्ञान अर्थपूर्ण छ। एक, सरकारी अस्पतालमा गरीबहरूको बेवास्ता मात्र होइन पहुँचको आधारमा सरकारी सुविधासहितको उपचार पाइन्छ। दुई, निजी चिकित्सालयहरूको महँगो उपचार थेग्न सकिंदैन। तीन, कोरोना सङ्कटभन्दा पनि खेतीको चिन्तालगायत अनेक विषयले उनीहरूको मनमा जरा गाडेको पाइन्छ। के उनीहरूको मनमा जरा गाडेको मनोविज्ञान असान्दर्भिक भन्न सकिन्छ ? संक्षिप्तमा भन्नुपर्दा चिलझप्टी मात्र होइन अहिले ग्रामीण जीवनलाई गाँसको साथै चिकित्सकीय सेवाको विषयमा आश्वस्त पार्ने नियत अङ्कुरित हुनु जरुरी छ। सामाजिक मनोविज्ञान सूक्ष्मरूपमा बुझ्ने र पहल गर्ने नेतृत्वदायी सरोकार अपरिहार्य छ।

सरकारी अस्पतालको वातावरण आफैंमा बिरामीयुक्त छ। त्यस्तै, निजी अस्पतालहरूको चिकित्सकीय सेवा सम्पन्नबाहेकका बिरामीहरूका लागि आभूषण/सम्पत्ति बिक्री गर्नुको विकल्प छैन। उच्च हैसियत भएकाहरूका लागि उपचारमा लाखौं रकम खर्च गर्नु कठिन नहोला। यद्यपि सामान्य नागरिक स्वास्थ्य सेवाको आधारभूत सुविधाबाट वञ्चित हुनु भनेको संविधानमा अङ्कित मूल्य–मान्यताको चरम अपमान हो।

'मुखमा राम राम बगलीमा छुरा' भनेजस्तै अस्पतालहरूको व्यवहार नहोस्। टेम्पुमा बिरामी बोकेर अस्पतालको चक्कर काट्नुपर्ने जस्तो अमानवीय व्यवहार कुनै पनि बिरामीले खेप्नुनपरोस्। बिरामीप्रतिको सेवाभावना केवल पैसामा निर्भर छ। व्यापारमुखी हुनुको पछाडि अनेक कारणमध्ये अत्यधिक ऋण लिएर निर्माण भएका चिकित्सालयहरूको एकमात्र ध्येय जसरी पनि पैसा आर्जन हुन गएको छ। मानवीयता भएका निजी चिकित्सालयहरू छैनन् भन्ने होइन तर सङ्ख्यात्मकरूपमा अति न्यून छन्।

झन्डै चार दशकअघिको कुरा अहिलेसम्म पुरनियाहरूको स्मरणमा ताजा छ। तत्कालीन राजा वीरेन्द्रले स्वास्थ्य सेवा प्रवाहको बारेमा गरेको छड्के जाँच चर्चायोग्य छ। छड्केको क्रममा उनी एकपटक पर्साको तत्कालीन सतवरिया (हाल पोखरिया अस्पताल) अस्पताल आइपुगे। त्यति बेला निजी अस्पतालहरू थिएनन्, नत्र उनीहरू पनि छड्केमा पर्थे होलान्। स्वास्थ्य सेवाको प्रभावकारिताबारे उनी प्रत्यक्ष अनुभूति गर्न चाहन्थे। मध्यरात्रिमा राजाले अस्पतालसँगै रहेको आवास क्षेत्रमा पदार्पण गरे। चिकित्सकको कोठासम्म पुगे। धेरैबेरसम्म आवाज लगाए पनि स्वास्थ्यकर्मीको कानसम्म उनको आवाज पुगेन। त्यसपछि ढोका ढकढकाउन थाले। यद्यपि ढोका खुलेन। स्वास्थ्य सेवासम्बन्धी अव्यवस्थाको पराकाष्ठा उनले स्वअनुभूति गरे। पुरनियाहरू भन्छन्, अन्तिमपटक उनले ढोकाको सिक्री जोडले ठटाउन थालेका थिए रे। अन्ततः ढोका खुल्यो। स्वास्थ्यकर्मीले आँखा मिच्दै नानाथरीका कुरा सुनाउन थालेका थिए। निद्रा भङ्ग भएकोले स्वास्थ्यकर्मी रोषमा थिए। भोलि दश बजे आउनु भन्दै ढोका बन्द गरे। राजाको आदेशानुसार तत्कालै ती स्वास्थ्यकर्मीलाई पदमुक्त गरिएको थियो।

अहिले कोरोना महामारीको बेलामा अनेक प्रकारले सर्वसाधारण मानिस ठगिइरहेका छन्। अस्पताल, औषधि र खाद्यान्न आदिमा दोहन प्रवृत्ति छताछुल्ल छ। दशकौंदेखि गिद्ध नामक पक्षी लोपोन्मुख छ। तर किन ? किनभने मानिसमा गिद्धप्रवृत्ति हावी छ। गत वर्षदेखि अहिलेसम्म कोरोनाको कारण ज्यान गुमाउनेहरूमा कैयौं कर्तव्यपरायण चिकित्सक, नर्स तथा प्रहरीहरू छन्। यद्यपि आँखाबाट हेर्न नसकिने एक सूक्ष्म जीवको कारण आइपरेको अभूतपूर्व सङ्कटमा मानवबीच नै केही मानिस यस्ता छन्, जो यो आपदालाई अवसरको रूपमा हेरिरहेका छन्। आज मुनाफाखोर र अवसरवादीहरूलाई गिद्धसँग तुलना गरिंदैछ। यदि रामायणको जटायु जस्तै आजको गिद्ध बोल्न सक्ने भए उनीहरूले भन्थे, "हे मनुष्य ! तिमीहरूले गर्ने कालोधन्धामा हाम्रो नाम बदनाम गर्न छोडिदेऊ।"

अनेक बेथितिहरूका बीच सकारात्मक प्रकृतिका पेशाकर्मीहरूका कारण समाज आशान्वित छ। कोरोनाको यस सङ्कटकालमा आफ्नो कर्तव्यपथमा अग्रसर चिकित्सक, नर्स, स्वास्थ्यकर्मी तथा प्रहरीहरू पनि छन्, जो ज्यानको परवाह नगरी अहोरात्र खटिरहेका छन्। त्यस्तै, दया, करुणा र सहानुभूतिका प्रतिमूर्ति बनेर असहायहरूको मदतमा उभिरहेका मानवताप्रेमी पात्रहरूको कारण आमजनको हृदयमा आशा र विश्वासको सञ्चार भइरहेको छ। यस्तो प्रतिकूल अवस्थामा सुरक्षाको दृष्टिकोणले मानिसहरू घरभित्र रहेका बेला उनीहरू आफ्नो ज्यानको बाजी लगाएर अहोरात्र सेवामा समर्पित छन्। असहायहरूका लागि खाना र उपचारको प्रबन्धनमा उभिरहेका कुशल पात्रहरूबाट समाजले पाठ सिक्नुपर्छ। गाउँहरूमा मास्क बाँडेर सामाजिक जागरूकता फैलाउने कार्य प्रशंसायोग्य छ। यद्यपि कसको घरमा चुलो बलेन ? को भोको छ ? को बिरामी छ ? कसलाई उपचारको खाँचो छ ? लगायतका विषयमा सामाजिक अभियान आवश्यक छ। उपरोक्त कथाझैं एकअर्काको सहारा बन्ने संस्कार हृदयमा अङ्कुरित हुनु जरुरी छ।

## राष्ट्रिय निकुञ्जमा यार्सागुम्बा सङ्कलनमा रोक

किमथाङ्का, ८ जेठ/रासस

मकालु वरुण राष्ट्रिय निकुञ्जले बहुमूल्य जडीबुटी यार्सागुम्बा सङ्कलनमा यस वर्ष रोक लगाएको छ। वर्षैपिच्छे सङ्कलन गरिंदै आएको यार्सागुम्बा कोरोना भाइरस कोभिड–१९ को जोखिम बढेपछि सङ्कलनमा रोक लगाइएको हो। कोरोना भाइरस जोमिख न्यूनीकरण तथा सुरक्षा संवेदनशीलतालाई ध्यान दिएर रोक लगाइएको निकुञ्ज कार्यालय सङ्खुवासभाका प्रमुख रामदेव चौधरीले जानकारी दिए।

निकुञ्जले विगत वर्षमा यार्सागुम्बा सङ्कलनका लागि जेठको पहिलो साता खुल्ला गर्ने गरेको थियो। निकुञ्ज कार्यालयले यस वर्ष जेठ १० देखि असार १० गतेसम्म यार्सा सङ्कलन गर्न खुल्ला गरे पनि कोरोना सङ्क्रमण र लकडाउनका कारण सङ्कलनमा रोक लगाइएको हो। निकुञ्जको सूचनाविपरीत यार्सागुम्बा सङ्कलन गर्ने गराउनेलाई राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु ऐन २०२९ को २०३० बमोजिम कारबाही गर्ने निकुञ्जका प्रमुख चौधरीले बताए।

यार्सागुम्बा मकालु गाउँपालिका, भोटखोला र सिलिचोङ गाउँपालिका क्षेत्रको मकालु वरुण निकुञ्जलगायत ठाउँमा पाइन्छ। मकालुको ठूलो डाँडा, याङ्ले सिलिचोङको सङ्खुवा भीर र भोटखोलाको पोक्टीभञ्याङ, यिदुकलगायतका ठाउँमा यार्सा सङ्कलन गरिन्छ। उच्च हिमाली क्षेत्रका बासिन्दाको मुख्य आम्दानीको स्रोत यार्सागुम्बा मानिन्छ।

जिल्लामा विगत वर्षमा २० देखि २५ किलोग्रामसम्म यार्सागुम्बा सङ्कलन हुने गरको तथ्याङ्क छ। गुणस्तरका आधारमा एक नम्बरको यार्सागुम्बा किलोको ४० लाख रुपैयाँसम्ममा बिक्री हुने गरेको भएपनि सङ्खुवासभामा यार्सागुम्बा प्रतिकिलो साढे ५ लाखदेखि साढे ७ लाख रुपैयाँसम्ममा किनबेच हुने गरेको छ।

# पत्रकार स्व चौधरीका परिवारलाई आर्थिक सहयोग

प्रस, गरुडा, ८ जेठ/

दिवङ्गत पत्रकार तथा दुई संस्थाका लेखापाल मनोजकुमार चौधरीको किरियाखर्च भनी तीन संस्थाले आश्रित परिवारलाई सहयोग उपलब्ध गराएका छन् ।



गरुडास्थित श्री माध्यमिक विद्यालयले एक लाख एकाउन्न हजार र मध्यरौतहट बहुमुखी क्याम्पसले एकाउन्न हजार रुपैयाँको चेक मृतकका दाजु रामकृष्ण चौधरीलाई हस्तान्तरण गरेका छन् । मृतक चौधरी दुवै संस्थाका लेखापाल पदमा कार्यरत थिए ।

यसैगरी, रेडियो मधेस मसला एफएम गरुडाले पचास हजार पाँच सय रुपैयाँको चेक हस्तान्तरण गरेको छ । मृतक चौधरी एफएम सञ्चालक समिति सदस्य तथा स्टेशन मैनेजर थिए ।

मृतक चौधरीको निवासमा पुगेर वडाध्यक्ष तथा मावि गरुडाका व्यवस्थापन समिति अध्यक्ष चुनचुनप्रसाद साह, मध्यरौतहट बहुमुखी क्याम्पस गरुडाका अध्यक्ष लक्ष्मण साह, श्री मावि गरुडाका प्रधानाध्यापक प्रभु राउत पटेलले शोक व्यक्त गर्दै किरियाखर्च हस्तान्तरण गरेका हुन् ।

यसैबीच, बज्जिका साहित्य सङ्गम रौतहटले चौधरीप्रति श्रद्धाञ्जलि अर्पण गर्न शोकसभा गरेको छ । जूम प्रविधिबाट भएको कार्यक्रमको अध्यक्षता संस्थाका अध्यक्ष किशुनदयाल श्रीकृष्ण गरेका थिए । मृतक चौधरी सङ्गका कोषाध्यक्ष थिए । मृतक चौधरीको व्यक्तित्व तथा कृतित्वको बारेमा सञ्जय साह मित्र, रेणु गुप्ता, रामअधार पासवान, भोला पासवान, शेख चाँद अलि, सङ्गीता सहनीलगायतले प्रकाश पार्दै शोक प्रस्ताव पारित गरेका थिए ।

# निषेधाज्ञामा पर्साका दलितहरुलाई राहत वितरण

प्रस, वीरगंज, ८ जेठ/

कोभिड–१९ महामारीका कारण पर्सा जिल्लामा वैशाख १६ गतेदेखि निरन्तर जारी निषेधाज्ञामा दलित, मजदूर, ज्येष्ठ नागरिक, श्रमिकहरू प्रभावित भएकाले उनिहरूलाई राहत वितरण गरिएको छ ।



अमेरिकामा बस्दै आएका कास्की निवासी प्रकाश थापाले छोरीको जन्मदिनमा र अमेरिकामा बस्दै आएका सुनसरीका अनुप कार्कीले अमेरिकामा बस्दै आएका सामाजिक कार्यकर्ता दान विश्वकर्मासँग सहकार्य गरी पर्सा जिल्ला बहुदरमाई नगरपालिका–३ नगरदाहाका दलित, मजदूर, विपन्न परिवार र ज्येष्ठ नागरिकलाई खाद्यान्नसहित औषधि सहयोग गरेको पिस फर दलित फाउन्डेशन नेपालका अध्यक्ष मनोज रामले बताए ।

उनले पहिलो चरणमा २८ घरपरिवारलाई चामल, दाल, तेल, आलु, नून, साबुन, सर्फका साथै मास्क र आयुर्वेदिक सामग्री (औषधिको रूपमा काम लाग्ने)हरू सहयोग गरेको बताए ।

राहत वितरण कार्यमा दीपेन्द्रकुमार राम, सन्तोष राम, संयोग कुमार, अशोक राम, राहुलकुमार रामलगायतले सहयोग पुऱ्याएका थिए ।

# चोरी भएको सिसौ समिलबाट बरामद

प्रस, पर्सागढी, ८ जेठ/

पटेर्वासुगौली गाउँपालिका–५ स्थित भलुही खोला किनारमा सार्वजनिक समिललाई बिक्री गरेको अवस्थामा बरामद भएको छ ।

सार्वजनिक ऐलानी जग्गामा गरिएको जटाशङ्कर प्रसादले सञ्चालन गरेको समिलबाट बरामद भएको हो । स्थानीय युवाहरूको सक्रियतामा सो सिसौको काठ



बरामद काठ प्रहरीले नियन्त्रणमा लिंदै । तस्वीरः प्रतीक

ऐलानी जग्गामा लगाइएको रूखबिरुवामध्ये दुईवटा सिसौको रूख कटान गरी जगरनाथपुरस्थित एउटा वृक्षरोपणमा हुर्केको दुईवटा सिसौको रूख चोरहरूको समूहले कटान गरी जगरनाथपुर गापा–४ मा रहेको समिलबाट बरामद भएको इलाका प्रहरी कार्यालय पटेर्वासुगौलीका प्रहरी निरीक्षक रामकाजी थापाले बताए । उनले प्रारम्भिक अनुसन्धानमा वाजिर मियाँले सिसौको रूख कटान गरी सोको काठ समिलका मुन्सी अमीर मियाँसँगको मिलेमतोमा समिलमा बिक्री गरेको पाइएको बताए । उनले घटनाका कसूरवार मिल सञ्चालक, मुन्सी र चोर वाजिरलाई कारबाही गरिने बताए । जटाशङ्कर प्रसादको समिलबाट बरामद सिसौको गुलिया काठ निचुटामा राखिएको छ ।






# काठ तस्कर सबरे आलम पक्राउ

प्रस, पंचगावाँ, ८ जेठ/

पटेर्वासुगौली गाउँपालिकामा एकजना काठ तस्करलाई वन कर्मचारीले पक्राउ गरेको छ ।

राष्ट्रिय वनबाट गोलिया ल्याएर घरमा आराले चिरान गरिरहेको अवस्थामा वडा नं १ का सबरे आलमलाई पक्राउ गरिएको सबडिभिजन वन कार्यालय रङ्गपुरटाँडीका सुबेदार प्रदीप तिमिल्सिनाले बताए । पक्राउ परेका आलमलाई डिभिजन वन कार्यालय पर्सा, वीरगंज चलान गरिएको उनले बताए ।

निषेधाज्ञा अवधिमा पनि अहिले पर्सामा वन फँडानी रोकिएको छैन । वनजङ्गलसँग जोडिएको जिल्लाका विभिन्न पालिकामा अहिले पनि निर्बाधरूपमा वन फँडानी गर्ने र काठ तस्करी गर्ने कार्य भइरहेको स्थानीयको गुनासो छ ।

# कोभिडविरुद्ध सिम्रौनगढमा पूजा



प्रस, सिम्रौनगढ, ८ जेठ/

सिम्रौनगढ नगरपालिका–६ सिम्रौनगढका महिलाहरूले शनिवार कोभिडको प्रकोप निस्तेज पार्नका लागि शक्तिपीठमा पूजा अर्चना गरेका छन् ।

कोभिडको प्रकोप क्षीण पार्नका लागि महिलाहरूले बिहान साढे ८ देखि दिउँसो अढाई बजेसम्म साढे ६ घण्टा विधिपूर्वक पूजा अर्चना गरे । स्वास्थ्य मापदण्ड अपनाएर उनीहरूले ब्रह्मस्थान, राजदेवीमाई, कङ्कालीमाईमा पूजा अर्चना गरेका थिए । पूजन कार्य पण्डित रामकिशोरले विधिवत् मन्त्र उच्चारण गरेर सम्पन्न गराएका थिए । पूजन कार्यक्रममा स्थानीय परमानन्दप्रसाद जयसवाल, जीयालाल साह कानु, परमानन्द महतो नुनिया, रामप्रसाद ठाकुरलगायतको सहभागिता थियो ।

# राष्ट्रपतिबाट कात्तिक र मङ्सिरमा निर्वाचन मिति घोषणा

काठमाडौं, ८ जेठ/रासस

राष्ट्रपति विद्यादेवी भण्डारीले वर्तमान प्रतिनिधिसभा विघटन गरी अर्को निर्वाचन आगामी कात्तिक २६ र मङ्सिर ३ गते गर्ने गरी मिति तोकेकी छन् ।



राष्ट्रपति विद्यादेवी भण्डारी । तस्वीर : रासस

नेपालको संविधानको धारा ७६ को उपधारा ७ बमोजिम सोसम्बन्धी सिफारिश मन्त्रिपरिषद्को राति अबेर बसेको बैठकबाट निर्णय भएबमोजिम प्रधानमन्त्री केपीशर्मा ओलीले राष्ट्रपतिसमक्ष गरेका थिए ।

पहिलो र दोस्रो चरणमा अर्को प्रतिनिधिसभा निर्वाचन गर्नेगरी सो मिति तोकिएको राष्ट्रपतिको कार्यालयका सहायक प्रवक्ता केशवप्रसाद घिमिरेबाट गएराति जारी गरिएको विज्ञप्तिमा जनाइएको छ ।

# पर्सागढीमा अस्थायी बुथ सञ्चालन

प्रस, पर्सागढी, ८ जेठ/

पर्सागढी नगरपालिका–३ बडनिहार बजारस्थित खानेपानी संस्थानको भवनमा कोभिड अस्थायी बुथ सञ्चालन गरिएको छ ।

नगरपालिकाको समन्वयमा वडा कार्यालयले अस्थायी कोभिड बुथ सञ्चालनमा ल्याएको हो । सो अस्थायी बुथमा कोभिडका शङ्कास्पद बिरामीलाई स्वास्थ्य सेवा प्रदान गरिने बताइएको छ । अस्थायी बुथ बिहान ६ देखि ८ बजेसम्म र साँझ ६ देखि ८ बजेसम्म गरी दैनिक चार घण्टा सेवा दिने नगरपालिकाका स्वास्थ्य शाखा उपसंयोजक उमेश साहले बताए । अस्थायी बुथ आइतवार जेठ ९ गतेदेखि सञ्चालन गरिने उनले बताए ।

# मास्क र सेनिटाइजर सहयोग

प्रस, रक्सौल, ८ जेठ/

भारतीय स्टेट बैंकको रक्सौलले शाखाले एसडिएम कार्यालय र रक्सौल थानालाई सर्जिकल मास्क र सेनिटाइजर सहयोग गरेको छ ।



बैंकका शाखा प्रबन्धक लक्ष्मी प्रसादले एसडिएम कार्यालयमा एसडिएम आरतीलाई पाँच सय थान सर्जिकल मास्क, ७५ थान सेनिटाइजर सहयोग गरेका थिए । यसैगरी, रक्सौल थानाध्यक्ष शशिभूषण ठाकुरलाई पाँच सय सर्जिकल मास्क र पचास थान सेनिटाइजर सहयोग गरेका थिए । कार्यक्रममा डिएसपी सागर कुमार, बिडिओ सन्दीप सौरभ, सिओ विजय कुमार, कार्यपालक दण्डाधिकारी सन्तोषकुमार सिंह, युनिसेफका अनिल कुमार र स्वास्थ्य प्रबन्धक आशिष कुमारलगायतको सहभागिता थियो ।

**आजको कार्यक्रम**

| सि.नं. | आयोजक | कार्यक्रम | स्थान | समय |
| --- | --- | --- | --- | --- |



## स्वच्छ र व्यवस्थित वीरगंजको लागि प्रहरी साझेदारी

- कोभिड-१९ सङ्क्रमण नियन्त्रण तथा रोकथामको लागि आफू पनि सचेत रहौं र अरूलाई पनि सचेत पारौं । - फूटपाथमा जथाभावी पसल नराखौं । - मास्क र पञ्जा प्रयोग गरौं ।
- अनावश्यक भीडभाड नगरौं । - जथाभावी पार्किङ नगरी महानगरले तोकेको स्थानमा मात्र पार्किङ गरौं । - वन-वे, टु-वे नियम पालना गरौं । - चौपायाहरू जथाभावी बजारमा नछोडौं।
- जथाभावी फोहर नफालौं, आफ्नो घर, पसलको फोहर डस्टबिनमा फालौं । - तरकारी, फलफूल जथाभावी फूटपाथमा नबेचौं ।

